STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON
EDUCATION & VISA SERVICES

# पोखरापत्र

राष्ट्रिय दैनिक

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क २९९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ मंसिर ४ गते शनिबार ❑ 20 Nov. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रु. २।-

## योग स्वस्थ जीवनका लागि उत्तम माध्यम हो : प्रधानमन्त्री देउवा

रासस
काठमाडौं, ३ मंसिर



प्रधानमन्त्री शेरबहादुर देउवाले योग र ध्यान स्वस्थ जीवनका लागि उत्तम माध्यम भएको बताउँदै शुक्रबार विश्वले नै योगलाई आत्मसात् गरेको बताउनुभएको छ।

पतञ्जलि योगपीठ नेपालअन्तर्गत नवनिर्मित रत्न सर्राफ भवन, पतञ्जलि नेपाल र आस्था नेपाल टिभी तथा स्वदेशी समृद्धि कार्डको शुक्रबार उद्घाटन गर्दै उहाँले आयुर्वेद औषधि विश्वले नै मानिसकेको र यसको कुनै असरसमेत नभएकाले यो जीवनोपयोगी भएको धारणा व्यक्त गर्नुभयो। प्रधानमन्त्री देउवाले योग र ध्यान तथा आयुर्वेद औषधि निर्माण र प्रयोगमा योगऋषि स्वामी रामदेव बाबा र आयुर्वेद शिरोमणि आचार्य बालकृष्णजी महाराजले गर्नुभएको अनुसन्धान, प्रचार र योगदानको सराहना गर्नुभयो। सो अवसरमा प्रधानमन्त्री देउवाले नेपालमा आयुर्वेद औषधि प्रशोधन तथा उत्पादनका लागि गैरनाफामूलक उद्योग स्थापना र सञ्चालन गर्न उहाँहरूलाई सरकारले सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

प्रधानमन्त्री देउवाले बाबा रामदेव र आचार्य बालकृष्ण नेपाललाई माया गर्ने व्यक्ति भएको बताउँदै उहाँहरूले नेपाललाई गरेको विभिन्न सहयोगका लागि धन्यवाद दिनुभयो। कार्यक्रममा पूर्वप्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले बाबा रामदेव र आचार्य बालकृष्णले योगबाट नयाँ क्रान्ति, साधना योगबाट समाजलाई निरोगिता र आरोग्यबाट उद्योगतिर रुपान्तरण गरेकाले उहाँहरू ठूलो क्रान्तिकारी भएको बताउनुभयो।

अध्यक्ष दाहालले नेपाल जडीबुटीको भण्डार भएको र उहाँहरूले नेपालमा त्यसको प्रशोधन र उत्पादनका लागि उद्योग खोल्ने योजना महत्वपूर्ण भएको बताउँदै नेपालको आर्थिक, सामाजिक र सांस्कृतिक विकासमा गर्नुभएको योगदानका लागि धन्यवाद दिनुभयो। विद्यार्थीको पठनपाठन लागि स्थापना गरिएको रत्न सर्राफ भवन, पतञ्जली नेपाल र आस्था नेपाल टिभी तथा स्वदेशी समृद्धि कार्डको उद्घाटनले नेपाली समाजमा नयाँ प्रेरणा प्रदान गर्ने र यस कार्यले सबैमा नयाँ ऊर्जा प्राप्त भएको उहाँका भनाइ थियो।

पूर्वप्रधानमन्त्री एवं नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले आयुर्वेद औषधि र प्राकृतिक चिकित्साको बेग्लै महत्व रहेको उल्लेख गर्दै यो र आधुनिक विज्ञानको संयोजन गरी अघि बढे मानव स्वास्थ्यका क्षेत्रमा ठूलो उपलब्धि हासिल हुने बताउनुभयो। उहाँले योग गर्न सुरु गरेपछि आफ्नो स्वास्थ्यमा भएको सुधारको स्मरण गर्दै सबैको जीवनमा योग र साधनाको ठूलो महत्व रहेको बताउनुभयो।

कार्यक्रममा भर्चुअल माध्यमबाट जोडिनुभएका भारत सरकारका केन्द्रीय सडक परिवहन एवं राजमार्ग मन्त्री नितिन गडकरीले कोभिड-१९ बाट विश्व नै आक्रान्त भएका बेला पतञ्जलीजस्ता संस्थाले योगविज्ञान र आयुर्वेदका माध्यमबाट समाजमा गरेको सहयोग र मानिसमा सकारात्मक भावना उत्पन्न गर्नेलगायत काम गरेको भन्दै प्रशंसा गर्नुभयो। उहाँले बाबा रामदेव र आचार्य बालकृष्णले नेपाल र भारतका जडीबुटीमा अनुसन्धान, प्रशोसन, उत्पादन, औषधि निर्माण गरी मानव जीवनमा राहतको महत्वपूर्ण काम गरेको बताउनुभयो।

नेपाल र भारतबीचको सम्बन्ध निकै पुरानो रहेको बताउँदै उहाँले दुई देशबीचको संस्कृति इतिहास र विरासत नै शक्ति भएको र यसलाई बढाउन दुवै देशबाट विभिन्न प्रयास हुँदै आएको उल्लेख गर्नुभयो। सो अवसरमा उहाँले अयोध्या-जनकपुर जोड्ने ४३६ किमी रामजानकी सडक र बुद्ध सर्किटमा पर्ने विभिन्न सडकको निर्माण भारत सरकारले तीव्र गतिमा गरिरहेको अवगत गराउँदै यसले दुई देशका संस्कृति सम्बन्ध निर्माण तथा पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण उपलब्धि हासिल हुने धारणा व्यक्त गर्नुभयो।

बाबा रामदेवले योग, आरोग्य, प्रणायाम र आयुर्वेद औषधिका लागि नेपाल राजधानीका रुपमा दुनियाँको आकर्षणको केन्द्र बन्ने विश्वास व्यक्त गर्नुभयो। साथै उहाँले सबै मानिस एक ईश्वरका सन्तान भएको उल्लेख गर्दै सबै प्रकारका भेदभाव हटाए सबै समान भन्ने भावनाका साथ अघि बढ्न आग्रहसमेत गर्नुभयो। आचार्य बालकृष्णले पतञ्जलिका माध्यमबाट नेपालमा गर्न लागेको योजनाबारेमा जानकारी गराउनुभएको थियो।

## महाधिवेशनले सर्वसम्मत नेतृत्व चयन गर्छ-सचिव गुरुङ

### प्रेस चौतारी कास्कीको अध्यक्षमा अर्जुन गिरी

पोखरापत्र संवाददाता
पोखरा, ३ मंसिर



गण्डकी प्रदेशका निवर्तमान मुख्यमन्त्री एवम् नेपाल कम्युनिष्ट पार्टी (एमाले)का केन्द्रीय सचिव पृथ्वीसुब्बा गुरुङले पार्टीको चितवनमा हुने १०औं राष्ट्रिय महाधिवेशनले सर्वसम्मत नेतृत्व चयन गर्ने बताउनु भएको छ।

प्रेस चौतारी नेपाल कास्कीको आठौंऔं अधिवेशनको आज पोखरामा उद्घाटन गर्दै उहाँले पार्टी सङ्गठनलाई थप सङ्गठित एवम् सशक्त बनाउन आशन्न महाधिवेशन सफल बन्ने बताउनुभयो।

पेशागत मर्यादालाई प्रत्येक सञ्चारकर्मीले आत्मसात गर्दै मिसन पत्रकारितालाई अघि बढाउनुपर्नेमा उहाँको जोड थियो। मुलुकमा राजनैतिक अपराधिकरण वढिरहेको बताउँदै सचिव गुरुङले त्यसको सञ्चारकर्मीले भण्डाफोर गर्नुपर्नेमा जोड दिनुभयो। नेकपा एमालेको राजनीतिमा गण्डकी प्रदेशको अहम भूमिका रहेको चर्चा गर्दै उहाँले यस अधिवेशनमा प्रदेशबाट न्यूनतम दुई जना केन्द्रीय पदाधिकारी पाउने विश्वास व्यक्त गर्नुभयो।

पार्टीको गण्डकी प्रदेश संयोजक एवम् निवर्तमान अर्थ मन्त्री किरण गुरुङले पार्टीको दशौं महाधिवेशन राजनैतिक प्रतिस्पर्धा र मुलुकको समृद्धिका लागि कोशे ढुङ्गा सावित हुने बताउँदै त्यसका लागि सञ्चारकर्मीको महत्वपूर्ण भूमिका रहने विश्वास व्यक्त गर्नुभयो।

नेकपा एमाले गण्डकी प्रदेश सचिव एवम् पूर्वमन्त्री जगत विश्वकर्माचाले मुलुकमा लोकतान्त्रिक गणतन्त्रको स्थापना एवम् संस्थागत विकासमा मिडियाले महत्वपूर्ण भूमिका खेल्दै आएको बताउनुभयो। प्रेस चौतारी नेपालका केन्द्रीय अध्यक्ष गणेश बस्नेतले प्रेसचौतारी अनुहार हेरेर नभई नीति, विचारका आधारमा श्रमजीवी पत्रकारको हक हित र अधिकारका लागि निरन्तर संघर्ष गर्दै आएको बताउनुभयो।

प्रेस चौतारी कास्कीका अध्यक्ष अर्जुन गिरीको अध्यक्षतामा भएको कार्यक्रममा नेकपा एमाले कास्कीका उपाध्यक्ष एवम् प्रदेशसभा सदस्य मनबहादुर गुरुङ, प्रेस काउन्सिल नेपालका सदस्य दुर्गा भण्डारी, प्रेस सेन्टर कास्कीका अध्यक्ष कृष्ण दवाडी, संस्थाका सचिव मोतिसागर अधिकारी, राजाराम पौडेललगायतले पत्रकारिता क्षेत्रको विकासमा तीन तहका सरकारको ध्यान पुगु पर्नेमा जोड दिनुभएको थियो।

यसैगरी अधिवेशनबाट अर्जुन गिरीको नेतृत्वमा सर्वसम्मत नयाँ कमिटी चुनिएको छ। शुक्रबार भएको अधिवेशनबाट उपाध्यक्षमा मोतीसागर अधिकारी, उपाध्यक्ष महिला बालकुमारी पौडेल (तारा), सचिव रञ्जन अधिकारी, सहसचिव ईश्वर देवकोटा, सहसचिव महिला उमा आलेमगर र कोषाध्यक्ष जीवन सुवेदी निर्वाचित भएका छन्। सदस्यमा पुनम थापामगर, अनुप पौडेल, राजु गिरी, सुरक्षा श्रेष्ठ, विनिता सुनार, अनिता घिमिरे, अर्पण तिवारी, आशीष पुरी, दीपा पौडेल, अर्जुन थापा (मगर), सञ्जय रानाभाट, कृष्ण देवकोटा, रोजी बुढामगर, रेजिना कटवाल, सूर्य परियार, अमृतकुमार भट्टराई, काशीनाथ कुमाल, सबिन रेग्मी, रिजन ढुंगाना (दर्शन), दीपक अधिकारी, दीपेन्द्र शाही, निरज बसौला र शिव बोहरा रहेका छन्।

## नेपाल-बंगलादेश बीच पर्यटन प्रवर्द्धनदेखि व्यवसायिक साझेदारीका विषयमा छलफल

पोखरापत्र संवाददाता
पोखरा, ३ मंसिर

नेपाल-बङ्गलादेश बीच पर्यटन प्रवर्द्धनदेखि व्यवसायिक साझेदारी लगायतका विषयमा पोखरामा छलफल भएको छ।

पोखरा पर्यटन परिषद्को समन्वयमा प्यासिफिक एसिया ट्राभल एशोसिएशन (पाटा) नेपाल च्याप्टरले पाटा बङ्गलादेश च्याप्टरको सहकार्यमा 'नेपाल-बङ्गलादेशपर्यटनप्रवर्द्धनएण्डबिटुबी एक्सचेन्ज कार्यक्रम' पहिलो चरणमा पोखरामा गरेको हो। सो कार्यक्रममा नोभेम्बर १६ देखि २१ सम्म गन्तव्य प्रवर्द्धनदेखि व्यावसायिक साझेदारि एवं प्रवर्द्धनका विषयमा छलफल अन्तर्गत पाटाको टोलीले पोखराका पर्यटन व्यवसायीसँग सो विषयमा छलफल गरेको परिषदका महासचिव रामचन्द्र शर्माले जानकारी दिनुभयो। उहाँका अनुसार कार्यक्रममा पाटा बङ्गलादेश च्याप्टरका अध्यक्ष साहिद हमीद, महासचिव तफिक रेहेमानसहित सहतिको पर्यटन व्यवसायीको टोलीले पोखराका पर्यटन व्यवसायीसँग छलफल गर्नुभएको थियो। उक्त टोलीमा बङ्गलादेशका टूर अप्रेटर, मिडिया र युनिभर्सिटिका पाटा स्टुडेन्ट च्याप्टरका प्रतिनिधि पनि सहभागी रहेका छन्। क्षेत्रीय पर्यटन प्रवर्द्धन अन्तर्गत हुन लागेको बिटुबी (बिजनेश टु बिजनेश) सम्झौताका लागि यो टोली नेपाल आइपुगेको हो। कार्यक्रम अनुसार नोभेम्बर १७ देखि १९ सम्म पोखराको प्रमुख गन्तव्यको अवलोकन पोखराका पर्यटन व्यवसायी र सरोकारवाला व्यवसायीसँग अन्तर्क्रिया कार्यक्रम गरिने पाटा नेपालका प्रमुख कार्यकारी अधिकृत (सिइओ)

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पोखराको पर्यटन प्रवर्द्धन गर्ननयाँपनको एउटा कार्यक्रम लागु गर्छौं: मन्त्री बराल

पोखरापत्र संवाददाता
पोखरा, ३ मंसिर



गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले पोखरा क्षेत्रको पर्यटन प्रवर्द्धन गर्न कम्तिमा एउटा नयाँपन दिने गरी कार्यक्रम संचालन गर्ने बताउनु भएको छ।

ट्रेकिङ एजेन्सिज् एशोशियसन अफ नेपाल (टान) पश्चिमाञ्चल क्षेत्रिय संघको शुक्रबार पोखरामा सम्पन्न भएको २८ औं वार्षिक साधारण सभाको उद्घाटन गर्दै मन्त्री बरालले पर्यटन प्रबर्द्धन गर्न कम्तिमा एउटा कार्यक्रम संचालन गर्ने भएको बताउनु भएको हो।

उहाँले भन्नुभयो "अब हामीले छिट्टै पोखराका पर्यटन व्यवसायीहरुसंगको भेटघाट तथा छलफलमा बस्ने छौं, जसले कम्तिमा एउटा नमुना कार्यक्रम छनौट गर्ने छ, जुन कार्यक्रमले यस क्षेत्रको पर्यटन प्रबर्द्धन हुने छ।" हिमागृह, रत्न मन्दिर खुलाउने कि,अन्तराष्ट्रिय विमानस्थल संचालन भएँसगै फाष्ट ट्याक निर्माण गर्ने, पैदल मार्ग निर्माण गर्ने, फेवातालको संरक्षण गर्ने भन्ने बिषयमा टुंगो लगाउनु पर्ने मन्त्री बरालको भनाई थियो। अनेन्तित र अराजक ढंगले जथाभावी रुपमा सडक खन्नाले विकासको नाममा विनास निम्तिएको उहाँको भनाई थियो। गण्डकी प्रदेशको आन्तरिक श्रोत बृद्धि गर्नुपर्ने मन्त्री बरालले जनाउनु भयो। उद्योग व्यवसायीहरुमा भएको कानूनि उल्जनको समेत हल गर्ने भएको उहाँले बताउनु भयो।

टानका केन्द्रिय महासचिव सरिता लामाले कोरोना पछि नेपालमा करिब १६ हजार विदेशी पर्यटक आएको दाबी गर्दै एक तिहाई तेश्रो मुलुकका पर्यटक रहेको उहाँको दाबी छ। आगामी एक महिना भित्र टान र नेपाल पर्यटन बोर्ड बिच सम्झौता भई हाल बन्द रहेको टिप्स कार्ड वितरणको चेक पोष्ट पुनः संचालन गर्ने भएको बताउनु भयो। सचिव लामाले आगामी पुषमा हुने टानको साधारण सभाबाट प्रदेश स्तरिय संघको विस्तार गर्ने बताउनु भयो।

गण्डकी प्रदेशका पर्यटन उद्योग बाणिज्य तथा आपुर्ति मन्त्रालयका सचिव ज्ञानेन्द्र पौडेलले प्रदेशमा पर्यटनको सम्भावना भएकोले गर्दा प्रदेशले विकासको पहिलो आधार पर्यटनलाई नै बनाएको बताउनु भयो। यस क्षेत्रको पर्यटन प्रबर्द्धन गर्न निजी क्षेत्रसंग सहकार्य गर्ने उहाँले जनाउनु भयो। ६ महिना भित्र नविकरण नगर्दा खारेजी हुने प्राबधान भए पनि कोरोनाले गर्दा यस बर्ष के सहुलियत दिन सकिन्छ त्यसमा पुनः सोच विचार गर्ने उहाँको भनाई थियो। गाउँ र शहरको पुलको कामको रुपमा ट्रेकिङ क्षेत्रले गर्दा यसले पर्यटकको बसाई लम्बाउने पौडेलले जनाउनु भयो।

मादी गाउँपालिकाका अध्यक्ष वेद बहादुर गुरुङले विकासको

बाँकी अन्तिम पृष्ठमा ▶▶



# महान सुपुत्र जन्माउने आमा बुबा भाग्यमानी हुन् : स्वामी रामदेव

**पोखरापत्र संवाददाता**
**वालिङ, ३ मंसिर**

योगऋषि स्वामी रामदेवले महान सुपुत्रलाई यस धर्तीमा जन्म दिनुहुने आमाबुवा भाग्यमानी भएको बताउनुभएको छ।

स्याङ्जाको वालिङ-६ भरुवास्थित आयुर्वेद शिरोमणि आचार्य बालकृष्णजी महाराजका पिता जयबल्लभ सुवेदीको शुक्रबार आयोजित चौरासी पूजामा उहाँले यस्ता महान सुपुत्र जन्माउने भाग्यमानी आमाबुवाको यसरी नै १०० वर्ष हर्सोल्लाससहित जन्मदिवस मनाउन पाइयोस् भन्ने शुभकामनासमेत व्यक्त गर्नुभयो।

सोही अवसरमा आचार्य बालकृष्णजी महाराजले आमाबुबासँगै सशरीर रहेर सेवा गर्न नपाए पनि आफ्नै आमाबुबा जस्तै करोडौँलाई पतञ्जलिमार्फत सेवा गर्न पाएकामा खुसी व्यक्त गर्नुभयो।

आफू अहिले जुन ठाउँमा भए पनि आफ्नो बाल्यकाल बितेको ठाउँको सम्झना, झझल्को आइरहने गरेको उहाँले बताउनुभयो।

योगगुरु रामदेव र आफ्नो शरीर दुई वटा भए पनि विचार, भावना र कर्म एउटै भएको आचार्य बालकृष्णले बताउनुभयो। नेपालका लागि पतञ्जलिमार्फत थुप्रै योजना बनाएको बताउँदै उहाँले मिलेर कार्य गर्ने धारणा व्यक्त गर्नुभयो।

बुबाको सहस्र पूर्णचन्द्र दर्शनका अवसरमा आयोजना गरिएको लघुरुद्री, श्रीमद्भागवत पाठ पारायण, चौरासी पूजा एवं लाखबत्ती (लक्ष्यवर्ती) कार्यक्रममा सहभागी हुन आउनुभएको हो। उहाँहरू शुक्रबार नै काठमाडौँ फर्किनुभएको छ। आयुर्वेद शिरोमणि आचार्य बालकृष्ण पिता जयबल्लभ सुवेदीका ज्येष्ठ सुपुत्र हुनुहुन्छ।

# सहिद स्मारक ए डिभिजनको उद्घाटन खेल बराबरीमा टुङ्गियो

**रासस**
**काठमाडौँ, ३ मंसिर**

सहिद स्मारक ए डिभिजन लिग फुटबल प्रतियोगिताको उद्घाटन खेलमा नवप्रवेशी क्लब सातदोबाटो युथ क्लब र फ्रेन्ड्स क्लबले गोलरहित बराबरी खेल्दै अङ्क बाँडेका छन्।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा शुक्रबार भएको खेलमा खेलको निर्धारित समयसम्म दुवै टोलीले गोल गर्न नसक्दा खेल गोलरहित बराबरीमा टुङ्गिएको हो। यस बराबरी खेलसँगै सातदोबाटो र फ्रेन्ड्सले पहिलो खेलमा एक/एक अङ्क बाँडेका छन्।

खेलको पहिलो हाफको ११औँ मिनेटमा सातदोबाटोका कप्तान मानबहादुर तामाङले डिबक्समा दिएको पासलाई सुशील राईले पोष्टको दिशा दिन सकेनन्। त्यस्तै खेलको १९औँ मिनेटमा आकाश बुढामगरको फ्रिकिक पोष्ट माथिबाट बाहिरियो। खेलको दोस्रो हाफको सुरुआतमै सातदोबाटोका मार्टिन्स अजयीले सिक्स यार्ड बक्सबाट गोल गर्न सकेनन्। उनको हेड प्रहार बाहिरिएको थियो। त्यस्तै खेलको ५७औँ मिनेटमा सातदोबाटोका आकाशबुढा मगरको सशक्त प्रहार फ्रेन्ड्सका गोलकिपर राहुल रामचन्द्र यादवले पन्च गर्दै बाहिर पठाए। खेलको ५९औँ मिनेटमा फ्रेन्ड्सका नाथननिल गार्सियाको प्रहार पोस्ट बारमा लाग्दै फर्किएको थियो। सातदोबाटोका गोलकिपर अभिषेक बराल अघि बढेको मौकामा गार्सियाले प्रहार गरेका थिए। खेलको ६६औँ मिनेटमा फ्रेन्ड्सका गार्सियाको प्रहार सातदोबाटोका गोलकिपर अभिषेकले मुश्किलले बचाए। खेलको ७६औँ मिनेटमा फ्रेन्ड्स १० खेलाडीमा समेटियो। डिफेन्डर रोनिल एन्थोनी पाउलले दुई पहेलो कार्डसहित रातो कार्ड पाएपछि फ्रेन्ड्स १० खेलाडीमा सीमित भएको हो। खेलको इन्जुरी समयमा सातदोबाटोले गोलको सुनौलो मौका गुमायो। सुशील राईको प्रहार गोललाइन नजिकैबाट फ्रेन्ड्सका कप्तान सुरजले बचाए। लिगको उपाधि विजेता टोलीले रु ७५ लाख तथा उपविजेताले रु ५० लाख प्राप्त गर्नेछन्। लिगअन्तर्गत भोलि दुई खेल हुनेछन्। पहिलो खेलमा हिमालयन शेर्पा क्लब र सङ्कटा क्लबबीच प्रतिस्पर्धा हुनेछ भने दोस्रो खेलमा च्यासल युथ क्लब र श्री स्टार क्लबबीच खेल हुनेछ।

# शनिबार छ हजार ७४३ वडामा सम्मेलन गर्दै माओवादी

**रासस**
**काठमाडौँ, ३ मंसिर**

नेकपा(माओवादी केन्द्र)ले शनिबार देशभर नै वडा सम्मेलन गर्ने भएको छ। वडा सम्मेलनको सम्पूर्ण तयारी पूरा भएको सो पार्टीका प्रवक्ता कृष्णबहादुर महराले जानकारी दिनुभयो।

माओवादीले पार्टीलाई नयाँ शिराबाट निर्माण गर्नका लागि वडा सम्मेलन कोशेढुङ्गा सावित हुने विश्वास लिएको छ। समाजवादको यात्रा पूरा गर्न जनताको तहदेखि नै परिवर्तन जरुरी रहेको भन्दै माओवादीले त्यसका लागि 'नयाँ क्रान्तिकारी विचार र नयाँ क्रान्तिकारी पार्टी निर्माण गरौँ' भन्ने नारासमेत तय गरेको छ।

माओवादीले वडा समितिको चयन गर्दा सकेसम्म सर्वसहमतिमा गर्न भनेको छ। निर्वाचन हुने अवस्था आएको खण्डमा मर्यादित तरिकाले पार्टीको आन्तरिक लोकतन्त्रका रुपमा बुझेर सोहीअनुसारको भूमिका निर्वाह गर्न सबै पार्टी पङ्क्तिलाई आग्रह गरेको छ।

वडा सम्मेलनका क्रममा जारी गरिएको विज्ञप्तिमा भनिएको छ, "पार्टीको वडा सम्मेलनमा कुनै पनि विभाजित मनोविज्ञान एवं मानसिकता नराखी एकताबद्ध भएर सर्वहारा वर्गप्रति निष्ठावान, जनताप्रति उत्तरदायी र समाजवादी क्रान्तिको यात्रामा लाग्नसक्ने नयाँ एवं रुपान्तरित पार्टी निर्माणमा लाग्न आम जनसमुदायमा हार्दिक अपिल गर्दछ।" माओवादीले यही मङ्सिर ११ गते सबै पालिकामा र मङ्सिर २५ गते सातै प्रदेशमा नेतृत्व चयनका लागि सम्मेलन गर्दैछ। आगामी पुस ११, १२ र १३ गते काठमाडौँमा राष्ट्रिय सम्मेलनको आयोजना गरिएको छ। माओवादीले गठन गरेको केन्द्रीय निर्वाचन आयोगले निर्वाचन प्रयोजनका लागि प्रदेशमा सात सदस्यीय, पालिकामा पाँच सदस्यीय र वडा तहमा तीन सदस्यीय निर्वाचन समिति गठन गरेको छ।

निर्वाचन आयोगका अध्यक्ष विष्णुपुकार श्रेष्ठले वडाको नेतृत्व चयन गर्दा सकेसम्म सर्वसम्मत गर्न र नभए मात्रै निर्वाचनको प्रक्रियामा जाने गरी नीतिगत व्यवस्था गरिएको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "सर्वसम्मत नेतृत्व चयन भयो भने निर्वाचन समितिले विधि प्रक्रिया पूरा गर्दछ। यदि सर्वसम्मत भएन भने निर्वाचन प्रक्रियामा जान्छौँ। त्यसका लागि आवश्यक व्यवस्था गरिएको छ।"

# बुर्तिबाङ दुर्घटनामा बालकको मृत्यु

**रासस**
**बागलुङ, ३ मंसिर**

बागलुङको बुर्तिबाङमा ग२च ५९८० नम्बरको पिकअप भ्यान दुर्घटना हुँदा एक बालकको मृत्यु भएको छ।

तमानखोला गाउँपालिका-२ का ८ वर्षीय जोन सिर्पालीको मृत्यु भएको हो। प्रहरी निरीक्षक जयराम वन्तका अनुसार दुर्घटनामा ढोरपाटन-१ का ५८ वर्षीय नरकितव सुनार, ढोरपाटन-६ का ३० वर्षीय विष्णुप्रसाद सापकोटा, ढोरपाटन-५ का ४७ वर्षीया सक्रेनी घर्ती, ढोरपाटन-५ कै ५० वर्षीया नरमला घर्ती, ढोरपाटन-१ का ४८ वर्षीय लेविन्द्र कुँवर र ढोरपाटन-७ का ९ का आकाश घर्ती घाइते भएका छन्। घाइतेको स्थानीय स्वास्थ्य संस्थामा उपचार भइरहेको घट्नाबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।


## के तपाईंमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


## पोखराको...

पहिलो आधार पर्यटनलाई राखेको बताउनु भयो। सिक्लेसमा नयाँ पैदल मार्ग सुरु गरिएको उक्त पद मार्गले पर्यटन प्रबद्धन हुने उहाँले विश्वास व्यक्त गर्नु भयो। सल्लाहाकार डम्बर बहादुर केसीले अहिलेको अबस्थामा ह्वात्तै पर्यटक आएमा व्यबस्थापन गर्न कठिन हुने अबस्था हाल सृजना भएको बताउनु भयो। पोखरा पर्यटन परिषदका अध्यक्ष गोपी बहादुर भट्टराईले पर्यटकीय हिसावले गण्डकी प्रदेशलाई कसरी बचाउन सकिन्छ भनेर प्रदेश सरकारले केही प्याकेज ल्याउनुपर्ने माग गर्नु भयो। हाल संचालन भएको विमानस्थललाई व्यबस्थापन गरी नयाँ विमानस्थलको नयाँ अन्तराष्टिय हवाई रुट अनुमति लिनुपर्ने उहाँले बताउनु भयो। पोखरामा तत्काल रिङरोड आवश्यक भएको भट्टराईले बताउनु भयो।

टान पश्चिमाञ्चल क्षेत्रिय संघका अध्यक्ष शुसिलराज पौडेलको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा पूर्व अध्यक्ष एवं सल्लाहाकार बिरु बामजन, प्रथम उपाध्यक्ष धर्मराज पन्थी, महासचिव मिलन तिवारी लगायतले वोलेका थिए। टान पोखरामा हाल १ सय ६२ सदस्य रहेका छन्। संस्थाले बैकल्पिक पदमार्गको अध्ययन, अनुसन्धान, खोज एवं प्रबर्द्धनात्मक कार्यक्रम अन्तर्गत अन्नपूर्ण नर्थ बेसक्याप पदमार्ग प्रबर्द्धन र ताङतिङ, ठुलीलेक, कोरी, क्हफुचे ताल, सिक्लूस पदिमार्ग खोज गरिएको द्धितीय उपाध्यक्ष कृष्ण आचार्यले जनाए। प्याराग्लाईडिङ खेलको विकास र विस्तारमा महत्वपूर्ण भूमिका खेलेको भन्दै पूर्व अध्यक्ष एवं सल्लाहाकार बिरु बामजनलाई सम्मान गरिएको थियो।

यसैबिच, गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले पोखरा ६ शान्तिपथमा रहेको अन्नपूर्ण आधारभूत बिद्यालयको अवलोकन समेत गर्नु भएको छ। यसै बर्षको बर्षातले गर्दा उक्त बिद्यालय फिर्केखोलाको कटानबाट जोखिममा परेकोले बिद्यालयको संरक्षणको लागि मन्त्री बराललले सहयोग गर्ने बताउनु भयो। फिर्केखोलाबाट बिद्यालय संरक्षण गरी सौचालय समेत मर्मत संहार गर्नुपर्ने अबस्था रहेको बिद्यालय व्यबस्थापन समितिका अध्यक्ष कृष्ण आचार्यले बताउनु भयो।

# एभरेस्ट एफ.एमले रक्तदान गर्ने

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ मंसिर**

एभरेस्ट एफ एम पोखराले स्थापनाको पहिलो वर्ष पुरा गरेको अवसरमा रक्तदान कार्यक्रम गर्ने भएको छ।

एभरेस्ट मिडिया हाउसद्वारा सञ्चलित एभरेस्ट एफ एम ९३ मेगाहर्जले आफ्नो प्रथम वार्षिकोत्सवको अवसरमा यहि मंसिर ११ गते रक्तदान कार्यक्रम आयोजना गर्ने भएको हो। एभरेस्ट एफएमको कार्यालय पोखरा-५ पर्स्याङमा शनिबार बिहान ७ बजेबाट शुरु हुने कार्यक्रम सम्पन्न गर्न निर्देशक श्रेष्ठको संयोजकत्वमा विभिन्न ११ उपसमिति गठन गरिएको छ। जसमा संघ-संस्था समन्वयमा सन्देश श्रेष्ठ, स्वास्थ्य समन्वयमा दीपेन्द्र श्रेष्ठ, स्वागत तथा अतिथि सत्कार, प्रमाणपत्र लेखन तथा वितरणमा प्रा.डा. बलराम उपाध्याय रेग्मी र दिलिप श्रेष्ठ, प्रचार प्रसारमा शशी पौडेल, स्वयमसेवक परिचालनमा जुना थापा र रेजिना कटुवाल, प्राविधिक संयोजनमा दिल प्रसाद गुरुङ, प्रायोजन व्यवस्थापनमा भोलाकुमार श्रेष्ठ, रजिस्ट्रेसनमा नारायण शाही, फ्रुट व्यवस्थापनमा जमुना तिमिल्सिना र टेन्ट व्यवस्थापनमा सरोज पौडेल रहने गरि उपसमिति गठन गरिएको रेडियोका प्रवन्ध निर्देशक दीपेन्द्र श्रेष्ठले जानकारी दिए।

मंसिर महिनामा रक्तदानका कार्यक्रमहरु कम हुने हुँदा रगतको अभाव हुने र आफूहरुको वार्षिकोत्सव पनि पर्ने भएकाले सामाजिक उत्तरदायित्व बहन अन्तर्गत अबदेखि यसलाई वार्षिक कार्यक्रम अन्र्तगत नै अगाडी बढाइने निर्देशक श्रेष्ठले बताए।

१७ देखि ६० वर्ष उमेर समूहका ४५ केजी भन्दामाथि तौल भएका कुनै पनि दिर्घरोगको औषधी सेवन नगरेका संक्रामक रोग नलागेका स्वस्थ व्यक्तिले रक्तदान गर्न सक्ने छन्।

रक्तदान गर्नाले शरिरमा नयाँ रक्तकोष उत्पादन भई स्वास्थ्य प्राप्ति हुने, हृदयघात र क्यान्सरको खतरा कम हुने, क्यालोरि कम भई शरिरको तौल घटाउन सघाउने लगायतमा फाइदा हुने विज्ञहरुको भनाई छ।

यसका साथै रगतको विकल्प रगत मात्र भएकाले संकटमा परेकाहरुको जीवन बचाई खुशी दिलाउने र सामाजिक दायित्व निर्वाह गराई आत्म सन्तुष्टि प्रदान गर्नपनि रक्तदानको महत्व छ।

# नवलपुरसँग तनहुँ ८ विकेटले पराजित

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ मंसिर**



पोखरा रंगशालामा जारी वाई वाई यु-१९ क्षेत्रिय छनौट क्रिकेट प्रतियोतिगा अन्तर्गत शुक्रबारको खेलमा नवलपुरले तनुहँमाथि ८ विकेटको जित निकालेको छ।

खेलमा टस हारेपछि ब्याटिङ्ग गरेको तनुहँले २२.५ ओभरमा सम्पूर्ण विकेट गुमाएर ८७ रन मात्रै बनाउन सक्यो। तनहुँको तर्फबाट प्रशान्त सिंहले ३४ तथा सचिन राज अधिकारीले २० रन जोडे। नवलपुरका बलिङतर्फ कमल परियारले ३ विकेट लिए भने सुदिप अर्याल र अपराजित पौडेलले २-२ विकेट लिए। स्विकार श्रेष्ठले १ विकेट लिएका थिए। जितका लागि ८८ रनको लक्ष्य पछ्याएको नवलपुरले २२.४ ओभरमा मात्रै २ विकेट गुमाएर लक्ष्य प्राप्त गऱ्यो। नवलपुरको तर्फबाट प्रमिश अर्यालले ६१ बलमा ५ चौका सहित ३२ रन जोडे। त्यस्तै दिपक डुम्रेले अभिजित २७ रन बनाएका थिए।

तनहुँका बलहरु सचिनराज अधिकारी र सन्दिप पराजुलीले १-१ विकेट लिए। खेलमा ३ विकेट लिएका नवलपुरका बलर कमल परियार म्यान अफ द म्याच चुनिए। उनलाई पोखरा नगर खेलकुद समितिका अध्यक्ष दिपक गोदारले म्यान अफ द म्याच ट्रूफि प्रदान गरेका थिए। प्रतियोगिता अन्तर्गत शनिबार तनहुँ र कास्की विच खेल हुने आयोजक गण्डकी प्रदेश क्रिकेट संघले जनाएको छ।

## नेपाल...

सुरेशसिंह बुडालले जानकारी दिनुभयो। बुडालले आर्थिक सम्बन्ध दरिलो बनाउन दुई देश बीचका पर्यटकीय क्षेत्रको प्रवर्द्धन व्यवसायिक साझेदारीमा संभाव्यताको खोजीका लागि कार्यक्रम फलदायी हुने विश्वास व्यक्त गर्नुभयो। उहाँका अनुसार यसपछि काठमाडौँमा बिटुबी कार्यक्रममा 'डेस्टिनेशन इनसाईड'बारे प्रस्तुतिकरण गरिनेछ। बङ्गलादेश पाटा च्याप्टरका अध्यक्ष साहिद हमीदले कोभिड महामारीको चपेटामा परेको पर्यटन क्षेत्र प्रवर्द्धनका लागि नविनतम सोच र अवधारणा खाँचो औल्याउँदै क्षेत्रीय पर्यटन प्रवर्द्धनमा जोड दिनुपर्ने बताउनुभयो। हमीदले आन्तरिक पर्यटन मुलुकको मेरुदण्ड भएकाले सन् २०२२ का लागि क्षेत्रीय सहकार्य गरेर अघि बढ्न जरुरी रहेको जनाउँदै अहिलेको प्राथमिकता भनेको 'सर्ट हल फ्लाइट' हुने अन्तर्राष्ट्रिय बजार रहेको प्रष्टाउनुभयो। पाटा नेपालले निकट भविष्यमा भारत, श्रीलङ्का, भुटान, म्यान्मारलगायत मुलुकसँग दुईतर्फी क्षेत्रीय पर्यटन प्रवर्द्धन गर्ने उद्देश्य राखेको उहाँले जानकारी दिनुभयो। परिषदका पूर्व अध्यक्ष एवम् कार्यक्रम संयोजक टिकाराम सापकोटाले भौगोलिक दुरीका हिसाबले जम्मा २७ किलोटिर टाढा रहेको बंगलादेशसँग नेपालले साझेदारीमा आर्थिक समृद्धिका लागि धेरै कार्य गर्न सक्ने बताउनुभयो। उहाँले कोरोना पछि दुई देश बिचको नेटवर्किङका लागि भएको यो कार्यक्रमले आगामि दिनमा दुईदेश बीच पर्यटन प्रवर्द्धन लगायत व्यवसायिक साझेदारीमा धेरै काम गर्न सकिने बताउनुभयो।

कार्यक्रममा पोखराका पर्यटन व्यवसायसँग आवद्ध व्यवसायी र सरोकारवालाहरुको सहभागिता रहेको थियो।


## पायल्सका बिरामीको उपचार सेवा

२०७८ मंसिर ९ र १० गते
डा. हरि शरण अर्याल पायल्स-क्षारसुत्र विज्ञ
यस पञ्चम आयूर्वेद क्लिनिक प्रा.लि मा
काठमाण्डौका विज्ञ डा. हरि शरण अर्याल (कन्सलटेन्ट फिजिसियन)
यहि मंसिर ९ र १० गते आउनुहुने भएकोले पायल्स, गुदद्वार सम्बन्धि समस्या भएका बिरामिहरुले सम्पर्क राखि स्वास्थ्य लाभ लिनुहोला।

लक्षणहरु :
१. दिशागर्दा रगत आउने, दुख्ने, पोल्ने, चिलाउने।
२. दिशागर्ने ठाँउमा मासु पलाएको।
३. दिशा राम्रोसंग नखुल्ने।
४. पायल्स, फिस्टुला, फिसर, पाइलोनिडल साइनस।
५. भोक नलाग्ने, छाती पोल्ने, पेट फुल्ने, अमिलोपानी आउने।

पेट सम्बन्धी रोगहरु: ग्याट्रिक, अल्सर, दिशा बढि लाग्ने, जण्डिस पत्थरी।
क्षारसुत्र विधिबाट बिना अप्रेशन पायल्सको उत्कृष्ट उपचार सेवा।

पञ्चम आयूर्वेद क्लिनिक प्रा.लि.
पोखरा-१०, इन्द्रचोक पोखरा रङ्गशाला नजिकै फोन नं. ०६१-४३२२४२, ४३०४०७, ९८४६०६८८०६
फोनबाट पनि नाम दर्ता गराउन सकिन्छ।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# जैविक खानाको स्वाद लिन अर्गल

– खेमराज गौतम
गलकोट, ३ मंसिर (रासस)

पोखराका पत्रकार दीनानाथ बराल भुस पोल्ने मेलाका अवसरमा बागलुङको ताराखोला गाउँपालिकाको अर्गल पुग्नुभयो। ताराखोलाको प्रमुख पर्व हो भुस पोल्ने पर्व। गण्डकी प्रदेशका धेरै घरबासको स्वाद चाख्नुभएका पत्रकार बरालले अर्गलको किकल्टा घरबासमा अलि फरक स्वाद लिएको प्रतिक्रिया दिनुभयो। बराललाई त्यहाँको संस्कृति, सिस्नोको परिकार र मार्सी चामलको भातले निकै लोभ्यायो।

बरालमात्रै होइन, पछिल्लो तीन वर्षयता ताराखोलाको किकल्टा घरबास (होमस्टे) पुग्ने पाहुनाले जैविक परिकारका स्वादले मनै लोभ्याएको प्रतिक्रिया दिनुहुन्छ। "अन्य घरबासभन्दा धेरै फरक लाग्यो, आयात गरेको खानाको परिकार शून्य थियो, सबै गाउँमा उत्पादन भएको रहेछ", पत्रकार बरालले भन्नुभयो, "सोरठी नाचले स्वागत गर्ने, मार्सी चामलको भात, सिस्नोको फाँडोसँग खादा छुट्टै आनन्द आयो, साँच्चिकै घरबासको आनन्द यहाँ रहेछ।" घरबासमा खासगरी जैविक खानाका परिकारको स्वाद लिन र सांस्कृतिक परम्परा हेर्न आन्तरिक पर्यटक घरबासमा पुग्ने भए पनि पछिल्लो समय घरबास आयात सामग्रीमा भर परेको जनगुनासो छ। किकल्टामा बनाइएका सबै खानाका परिकार गाउँमै उत्पादन भएका छन्। पहिला घरबासअघि सामान्य रहेको अर्गल, घरबास सञ्चालनपछि परिवर्तन भएको छ। ताराखोलाको स्थानीय ढुङ्गा टाँसेर चिटिक्क परेका घर र घरभित्र चिटिक्क परेका सफा कोठा तथा मिलेको गाउँले घरबासलाई प्रवर्द्धन गर्दै आएको छ।

सिस्नोको फाँडो र मार्सी चामलको भातमात्रै होइन, ताराखोलामा उत्पादित भाँगोको अचार, मकैको पिठोबाट बनेको सेलरोटी, कोदोको ढिँडो, लोकल कुखुराको मासुलगायत परिकार घरबासको आकर्षण रहेको छ। यहाँका स्थानीय महिला घरबास सञ्चालनसँगै आफ्नो दिनचर्यामा समेत परिवर्तन आएको बताउँदै आएका छन्। घरबास सञ्चालनअघि बजारबाट ल्याइएका खाद्यान्न उपभोग गर्ने, गाउँमा उत्पादन भएको जैविक कर्कलो, पिडालु तथा अन्य परिकार बारीमै कुहिने अवस्था रहेकामा अहिले तिनै जैविक खानेकुरा पकाएर आम्दानी गर्दा यहाँका महिला दङ्ग भएको किकल्टा सामुदायिक घरबास सञ्चालक समितिका अध्यक्ष फूलमाया रोकाले बताउनुभयो।

"विशेषगरी महिलाहरूको बढी सहभागिता छ, पुरुषले सहयोग गरिराख्नुभएको छ, मसमेत दङ्ग छु घरबासमा कोरोनापछि निकै पाहुना आइराख्नुभएको छ", अध्यक्ष रोकाले भन्नुभयो, "बारीमा भएका पिडालु, कर्कलो र पाखामा भएको सिस्नो पाहुनाले रुचाउँलान्, आम्दानी होला भन्ने सोचेकै रहेनछौँ, घरबासले हाम्रो सोचाइमा धेरै परिवर्तन आएको छ, यसमा प्रमुख देन ताराखोला गाउँपालिकाको रहेको छ।" घरबास गाउँपालिकाको केन्द्र नजिकै रहेकाले समेत पाहुनाको पहुँचमा छ। बामे सर्दै गरेको घरबासमा कोरोनाले केही समस्या ल्याए पनि अहिले पाहुनामा वृद्धि भइरहेको रोकाको भनाइ छ। तीन वर्षअघि सात घरबाट सञ्चालनमा आएको किकल्टा घरबास अहिले पाहुनाको चापसँगै क्षमतासमेत विस्तार गरी १० घर पुऱ्याइएको घरबास सञ्चालिका दिया श्रीष घर्तीमगरले बताउनुभयो।

उहाँका अनुसार पाहुनालाई आरामका लागि कोठा र जैविक परिकार खुवाउनुपर्ने तालिममा सहभागीका क्रममा थाहा पाएपछि खाना र कोठामा निकै सुधार गरिएको छ। "पाहुनाको रुचि अर्ग्यानिक परिकार रहेछ, पहिला बजारको चामल ल्याएर खुवाइन्थ्यो, यहाँको बारीमा फल्ने मार्सी चामल लोप हुने, पिडालु बारीमै कुहिने अवस्था थियो, तर अहिले घरबासका पाहुनालाई खुवाउन उत्पादन बढाउँदै लगेका छौँ", उहाँले भन्नुभयो, "अहिले घरबास सञ्चालकले खेतबारीमै मार्सी धान उत्पादन गर्न थालेका छौँ, बारीको कान्लामा रहेको सिस्नो टिप्न थालेका छौँ, बजारबाट सामानको आयात शून्य बनाउँदै लगेका छौँ।"

कोरोना सङ्क्रमणको जोखिम कम हुँदै गएपछि ताराखोला गाउँपालिकामा सञ्चालित किकल्टा घरबासमा पाहुनाको लर्को नै लाग्न थालेको छ। घरबासमा गाउँपालिकाका कर्मचारीले समेत सुझाव दिँदै आएका छन्। ताराखोला चिसो ठाउँ भएकाले त्यहाँ उत्पादन हुने साग, मुला, गाँजरलगायत फलफूलसमेत जैविक र स्वादिष्ट हुने हुनाले पाहुनाको रोजाइमा किकल्टा घरबास पर्दै आएको छ। ताराखोलामा रहेको सोरठी नाच पाहुनाको मनोरञ्जनको माध्यमसमेत बनेको छ। स्थानीय सञ्जय रोकाका अनुसार घरबास भनेको के हो समेत थाहा नपाएका हामीलाई गाउँपालिका र प्रदेश सरकारले विभिन्न सहयोग गरेको र अहिले महिला आयआर्जनका लागि सफल भएका छौं। महिलाहरूको मेहेनत र गाउँपालिकाको साथका कारण घरबासमा पहुनाको आगमन बढ्दै आएको छ। अहिले एक नम्बर घरमा सामूहिक खाना खाने, नाचगान गर्ने र १० घरमा बाँडिएर सुत्ने चलन घरबासको रहेको छ।

सुरुमा गाउँपालिकाले घरबास प्रवर्द्धनका लागि रु पाँच लाख दिएको र गण्डकी प्रदेश सरकारले रु १० लाख दिएको थियो। त्यही सहयोगको जगमा अर्गल गाउँको घरबास अहिले यो अवस्थामा आएको छ। अहिले किकल्टामा एक रातमा ५० जना पाहुना बस्न सक्ने क्षमता छ। घरबासका कारण स्थानीयवासीको अर्ग्यानिक खानाप्रतिको सोचाइमा नै परिवर्तन आएको छ।

# आइतबारदेखि मौसममा क्रमिक सुधार हुने

रासस
काठमाडौं, ३ मंसिर

अरब सागरमा बनेको न्यूनचापीय प्रणालीबाट प्रभावित मौसम अगामी आइतबारदेखि क्रमिक सुधार हुँदै जाने भएको छ। नेपालमा अरब सागरमा बनेको न्यूनचापीय प्रणालीको प्रभावले देशको अधिकांश स्थानमा आंशिकदेखि सामान्य बदलीका साथै उच्च पहाडी तथा हिमाली भूभागका केही स्थानहरूमा हल्का हिमपातको सम्भावना रहेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ।

विभागका वरिष्ठ मौसमविद् निराजन सापकोटाका अनुसार उक्त प्रणालीको प्रभाव आइतबार मध्याह्नबाट क्रमिक सुधार हुँदै जानेछ। यस अवधिमा देशको अधिकांश स्थानमा आंशिकदेखि सामान्य बदलीका साथै उच्च पहाडी तथा हिमाली भूभागका केही स्थानहरूमा हल्का हिमपात र सुदूरपश्चिम, कर्णाली, लुम्बिनी, गण्डकी र वाग्मती प्रदेशका एक-दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको बताइएको छ। "ठूलो पानी पर्ने सम्भावना भने रहेको छैन्," उहाँले भन्नुभयो।

हाल देशको प्रदेश नं १ मा आंशिकदेखि सामान्य बदली भई बाँकी प्रदेशहरूमा सामान्यतया बदली रहेको छ। दिउँसो कर्णाली, लुम्बिनी, गण्डकी र वाग्मती प्रदेशका भूभागहरूमा सामान्य बदली रही बाँकी प्रदेशका भूभागहरूमा आंशिकदेखि सामान्य बदली रहने महाशाखाले जनाएको छ। मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरणअनुसार आज काठमाडौँ उपत्यकाको न्यूनतम तापक्रम ११ दशमलव एक डिग्री र अधिकतम तापक्रम २२ दशमलव पाँच डिग्री सेल्सियस छ। त्यस्तै शुक्रबार सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम एक दशमलव दुई डिग्री र सबैभन्दा धेरै वीरेन्द्रनगरको अधिकतम तापक्रम २९ दशमलव दुई डिग्री सेल्सियस छ।

# पर्वतमा १८ वर्षमाथिका सबैलाई कोरोनाविरुद्धको खोप

पोखरापत्र संवाददाता
पर्वत, ३ मंसिर

जिल्लामा १८ वर्ष उमेरभन्दा माथिका सबै नागरिकलाई कोरोना भाइरसविरुद्धको खोप लगाउन सुरु गरिएको छ।

यहाँका सातवटै स्थानीय तहका १८ वर्षदेखि ४५ वर्षसम्मका नागरिकलाई खोप लगाउने अभियान थालिएको हो। यसअघि ४५ वर्षभन्दा माथिका सबै नागरिकले दुवै मात्रा खोप पाइसकेका छन्। १८ देखि ४५ वर्ष उमेर समूहका सबै नागरिकलाई गत कात्तिक ३० गते देखिनै खोप लगाउन थालिएको स्वास्थ्य कार्यालयले जनाएको छ। कार्यालयका अनुसार गत कात्तिक ३० र यही मङ्सिर १ गते महाशिलामा, मङ्सिर २ र ३ गते फलेवास नगरपालिका, पैंयु गाउँपालिका र बिहादी गाउँपालिकामा, मङ्सिर ५ र ६ गते कुश्मा नगरपालिका र मोदी गाउँपालिकामा तथा मङ्सिर ७ र ८ गते जलजला गाउँपालिकामा खोप लगाउने कार्यक्रम तय भएको छ। कार्यालयका निमित्त प्रमुख सन्तोष पौडेलका अनुसार यो उमेर समूहका सबै नागरिकलाई खोप लगाउन जिल्लामा ३५ हजार ८०० डोज भेरोसेल खोप आएको छ। उक्त डोजले सबै नागरिकले खोप लगाउन पाउने भएका छन्। यो पहिलो डोज रहेको र एक महिनापछि अर्को डोज दिइने पनि कार्यालयले जनाएको छ। जिल्लामा १८ वर्ष माथिका कूल ९३ हजार जनसङ्ख्यामध्ये अहिलेसम्म ४७ हजार १४६ ले खोप लगाइसकेको समेत कार्यालयले जनाएको छ। यही मङ्सिर ८ पछि १८ वर्ष माथिका सबै नागरिकले खोप पाइसक्ने पनि उहाँले बताउनुभयो। खोप अभियान सबै पालिकाका सबै स्वास्थ्य चौकीमार्फत सञ्चालन गरिएको छ।

# मध्यपहाडी कालोपत्र : निर्णयमा पाना भरिन्छन्, काममा प्रगति हुँदैन

–तारानाथ आचार्य
बागलुङ, ३ मंसिर

राष्ट्रिय गौरवको आयोजना (पुष्पलाल) मध्यपहाडी लोकमार्गको बागलुङ-घोडाबाँधे खण्ड समयमै कालोपत्र गर्न पटक-पटक बैठक भए। जिल्ला प्रशासन कार्यालयले आयोजना र निर्माण कम्पनीलाई प्रतिबद्ध बनाउँदै आएको छ। हरेक वर्षायाम सकिएर हिउँद लाग्दा जिल्लाका सरोकारवालाको बैठक जिप्रकामा हुन्छ। निर्णय पुस्तिकाका पाना भरिन्छन् तर काममा प्रगति हुँदैन।

प्रशासनले फेरि आयोजना र निर्माण कम्पनीलाई ताकेता गर्ने प्रयास गऱ्यो। बिहीबार सरोकारवाला राखेर कामका लागि प्रतिबद्ध बनाउन खोजिए पनि आयोजना प्रमुखले भने प्रमुख जिल्ला अधिकारीलाई नै झुट बोलेर बैठक भाँडियो। निर्माण कम्पनीका प्रमुख उपस्थित हुन्छन् भनेर डाकिएको बैठकमा आयोजनाको कुश्मास्थित कार्यालयका प्रमुख नारायणदत्त भण्डारी नै निर्धारित समयभन्दा ४५ मिनेट ढिलो उपस्थित हुनुहुन्थ्यो। उहाँले बैठकमा सहभागिलाई दुई घण्टासम्म निर्माण व्यवसायी आउँदै गरेको जानकारी गराउनुभएको थियो। १० बज्नै लाग्दा निर्माण व्यवसायीका प्रतिनिधि मात्रै बैठकमा उपस्थित हुनुभयो। उक्त खण्डमा काम गरिरहेका दुई निर्माण कम्पनीका साइड इञ्चार्ज सौरभ घिमिरे बैठकमा उपस्थित हुनुभयो।

यत्तिकैमा प्रजिअले शिवकुमार कार्कीले भन्नुभयो, "मसँग हजुरले ठेकेदार आफैं आउँछन् भनेर किन झुट बोल्नु भो यहाँ त अर्कै भाइ आए, उनीसँग त के छलफल गर्नु सधैँ भेट भइरहने साइड इञ्चार्ज हुन नि।", उहाँले आयोजना प्रमुखलाई सोध्नुभयो, "किन झुट बोल्नु भो ? किन आएनन् व्यवसायी ?"

जिल्ला समन्वय समितिका प्रमुख राजेन्द्र ढुङ्गाना, नेकपा (एमाले)का जिल्ला उपाध्यक्ष कृष्ण पाठक, नेपाली कांग्रेसका सभापति दीपेन्द्र थापा, नेकपा (माओवादी केन्द्र)का संयोजक ज्ञामनाथ गैरे, नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष लालबहादुर थापा, राष्ट्रिय जनमोर्चाका अध्यक्ष अमर थापा, राष्ट्रिय प्रजातन्त्र पार्टीका सहअध्यक्ष शैलेन्द्र श्रेष्ठलगायत केही जनप्रतिनिधि, सुरक्षा निकायका प्रमुख, पत्रकार र अन्य सरोकारवाला बैठकमा हुनुहुन्थ्यो।

निर्माण व्यवसायी नै नआएकाले आयोजनासँग छलफल गर्नुको कुनै औचित्य नरहेको भन्दै सबै हिँड्नुभयो। "सर्कुवामा अनुगमनको कार्यक्रम थियो, उहाँ पुग्ने बेलासम्म यहाँ कुरेर बसियो, ठेकेदार आउलान भनेको उनका दूतमात्रै आए", जिसस प्रमुख ढुङ्गानाले भन्नुभयो, "यो आयोजनाको अपमान र काम नगर्ने प्रवृत्तिको चित्र हो।" समयमा काम नगर्न कै लागि आयोजनाले निर्माण व्यवसायीलाई उपस्थित नगराएको आरोप उहाँले लगाउनुभयो।

पार्टी महाधिवेशनअन्तर्गत प्रदेश क्षेत्र र सङ्घीय क्षेत्रको निर्वाचन तयारीमा रहेका कांग्रेस सभापति थापा पटक-पटक निस्कन खोज्दै हुनुहुन्थ्यो तर, निर्माण व्यवसायी आए जनताका समस्या र काम नभएको विषयमा आफ्ना कुरा राख्न उहाँ रोकिनुभयो तर, अन्तिम समयमा निर्माण व्यवसायीका प्रतिनिधि मात्रै आएपछि आयोजना र निर्माण व्यवसायीका बीचमा स्वार्थ बाझिएको आरोप लगाउँदै उहाँ बाहिरिनुभयो। पार्टी काम छोडेर छलफलमा बस्नुभएका राजमो अध्यक्ष थापाले पनि ठेकेदार र आयोजना दुवैको लापर्बाही रहेको बताउनुभयो। कोरोनाको बहानामा यसपटक देशभरका निर्माण व्यवसायीले चैत मसान्तसम्मको म्याद पाएका छन्। लोकमार्गको २५ किलोमिटर खण्डको काम पाएका निर्माण कम्पनीले पनि चैतसम्मको समय पाए। निर्माण कम्पनीको लापर्बाहीका कारण ठेक्का सम्झौता भएको वर्षौं बितिसक्दासमेत कालोपत्रेको काम रोकिएको सरोकारवालाको आरोप छ।

काम नगर्ने ठेकेदार कम्पनीसँगको सम्झौता तत्काल खारेज गर्नुपर्ने नेताले बताए। विसं २०७२/७३ मा सुरु भएको बिहुँ खण्ड र ०७३/७४ मा सुरु भएको बागलुङ अक्षेते खण्ड तीन वर्षमा सकिनुपर्ने थियो। छ वर्ष समय बितिसक्दासमेत म्याद थप्नेबाहेक काम भएको छैन। म्याद थप्ने समयमा मात्रै देखिने मजदुर म्याद थप भएपछि देखिन छोड्छन् भने निर्माण उपकरण थन्किने गरेका छन्। बागलुङ अक्षेते खण्ड स्तरोन्नति र कालोपत्रेको जिम्मेवारी पाएको भारत सिद्धिसाही जेभीले १२ दशमलव पाँच किलोमिटर र बिहुँ घोडाबाँधे खण्डको जिम्मेवारी पाएको सूर्य कन्ट्रक्सन दुवैले चित्तबुझ्दो काम नगरेको उनीहरूको आरोप छ। निर्माण व्यवसायीकै उपस्थितिमा तत्काल अर्को बैठक बसेर आयोजनाका विषयमा छलफल गर्ने जिप्रकाले जनाएको छ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : आर्थिक समस्या |
| वृष | : मन चञ्चल | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : मानसिक तनाब |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : शारीरिक झमेला |
| सिंह | : सम्मान मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : कार्यमा सफलता |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


रक्तदान
जीवनदान

# बलेवा विमानस्थलमा कालोपत्र : होला त नियमित उडान ?

पोखरापत्र संवाददाता
बलेवा, ३ मंसिर

धावनमार्ग कालोपत्रको काम अन्तिम चरणमा पुगेपछि बलेवा विमानस्थलमा नियमित उडानका लागि पहल सुरु भएको छ।

बागलुङ नगरपालिका र यहाँका विभिन्न राजनीतिक दलका नेताहरूले विमानस्थलमा नियमित उडानका लागि पहल थालेका हुन्। नेपाल एयरलायन्सले बलेवामा उडान गर्नका लागि प्रस्ताव गरेकाले काम सकिँदा बित्तिकै उडान सम्झौता गरिने बागलुङ नगरपालिकाका प्रमुख जनकराज पौडेलले बताउनुभयो। "नेपाल एयरलायन्स सम्झौताका लागि तयार छ, अन्य निजी कम्पनीहरूसँग पनि कुराकानी भइरहेको छ", उहाँले भन्नुभयो, "हामी बनेको पूर्वाधारको यथेष्ट उपयोग गर्छौं, त्यसका लागि पहल भइरहेको छ।" नेकपा एमालेका नेता लीलबहादुर थापाले बलेवा विमानस्थल पुनर्निर्माणको काम तत्काल सम्पन्न गरी उडान सञ्चालनको तयारी थाल्न नियामक निकायको ध्यानाकर्षण गराउनुभएको छ। मङ्गलबार नेपाल नागरिक उड्डयन प्राधिकरणमा पुगेर बागलुङका पूर्वजिल्ला सभापतिसमेत रहनुभएका थापाले महानिर्देशक राजकुमार क्षेत्रीलाई विमानस्थल पुनर्निर्माण काम तत्काल सम्पन्न गरी नियमित उडानको तयारी थाल्न ध्यानाकर्षण गराउनुभएको हो।

नागरिक उड्डयन प्राधिकरणको केन्द्रीय कार्यालयमा भएको भेटमा बलेवा विमानस्थल बागलुङको भविष्यसँग जोडिएको विषय भएकाले पुनर्निमार्णपछि यसको सञ्चालन कसरी गर्न सकिन्छ भन्ने विषयमा नेता थापाले महानिर्देशकसँगै प्राधिकरणमा कार्यरत अन्य विज्ञ कर्मचारीसँग छलफल गर्नुभएको थियो। छलफलमा विज्ञहरूले बलेवा विमानस्थल निर्माणाधीन कालीगण्डकी करिडोरको केन्द्रमा पर्ने भएकाले यसलाई नियमित उडान सञ्चालनको अलावा, एभिएसन स्पोर्टसका रुपमा अघि बढाउन सके धौलागिरि क्षेत्रकै मुहार फेरिने धारणा राख्नुभएका थिए।

विसं २०७७ फागुन मसान्तसम्म एक वर्षमा सक्नेगरी काम सुरु भएको विमानस्थल कालोपत्रको काम कोरोना महामारीका कारण प्रभावित हुँदा दुई वर्षमा सकिँदै छ। आउँदो चैतसम्म विमानस्थल कालोपत्रको काम सकेर हस्तान्तरण गरिने निर्माण कम्पनीले जनाएको छ। निर्माण कम्पनीका अनुसार आवश्यक पूर्वाधारको काम सकिएकाले कालोपत्रको काम मात्रै २० दिनमा सकिन्छ। तापक्रमले साथ दिएमा पुस मसान्तभित्रै विमानस्थल कालोपत्र हुने निर्माण कम्पनी काष्टमण्डप एन्ड उमा जेभीले जनाएको छ।

# कोभिडका कारण अभिभावक गुमाएका १६९ बालबालिकाको व्यवस्थापन गरिने

रासस
बागलुङ, ३ मंसिर

राष्ट्रिय बालअधिकार परिषद्ले कोभिडका कारण अभिभावक बिहिन भएका १६९ बालबालिकाको व्यवस्थापन सुरु गरेको छ।

अन्तरराष्ट्रिय बाल दिवसको अवसरमा शुक्रबार आयोजित नेपालमा बाल अधिकार स्थिति प्रतिबेदन सार्वजनिकरण कार्यक्रममा परिषद्का कार्यकारी निर्देशक मिलनराज धरेलले सबै पालिकामा स्वयमसेवी समूह परिचालन गरी कोभिडका कारण अभिभावक गुमाएका बालबालिकाको तथ्याङ्क सङ्कलन गरिएको बताउनुभयो। यी बालबालिकाको राज्यले अभिभाकत्व ग्रहण गर्ने नीतिअनुसार खोजी गरिएको उहाँले बताउनुभयो। वर्षौं पहिले हराएका कतिपय बालबाबालिका विदेशसमेतमा भेटिएको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "बाल हेल्पलाइन सेवा र बालबालिका खोजतलास सेवाको विस्तार तथा सुदृढीकरण गरी राष्ट्रिय बाल संरक्षण प्रणाली मजबुत बनाउन जरुरी छ।"

एकात्मक राज्य व्यवस्था हुँदा जिल्ला विकास समिति र गाउँ विकास समितिले वार्षिक बजेटको १० प्रतिशत छुट्टाउनुपर्ने व्यवस्था गरिएको भए पनि अहिले तीन तहको सरकार हुँदा त्यो हटेको कार्यकारी अधिकृत धरेलले बताउनुभयो। कतिपय पालिकाले बालबालिकाको क्षेत्रमा उचित बजेट व्यवस्थापन गरे पनि कतिपयले नगरेको उहाँले बताउनुभयो। बालबालिकासम्बन्धी ऐन, २०७५ मा भएको व्यवस्थाअनुसार स्थानीय बाल अधिकार समिति गठन आवश्यक भएको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "स्थानीय तहमा बाल कल्याण अधिकारीको नियुक्ति गरेर बालकोषको स्थापना गर्नुपर्छ।"

मन्त्रालयका उपसचिव शान्तिराज प्रसाईँले स्थानीय तहमा बाल मनोबिज्ञ राख्ने विषयमा मन्त्रालयमा छलफल भइरहेको बताउनुभयो। अहिले स्थानीय तहमा कर्मचारी नियुक्ति गर्न समस्या रहेको उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "बाल मनोविज्ञ राख्न पनि सङ्घले नै स्वीकृति दिनुपर्छ।"

# ठेक्का सम्झौता भएको २९ महिनामा पनि पुल निर्माण सुरु भएन

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ३ मंसिर**

मालिका र धवलागिरि गाउँपालिकाको सिमाना भएर बग्ने दाङखोलामा पक्की पुल बनाउन ठेक्का सम्झौता भएको २९ महिनासम्म पनि काम सुरु भएको छैन ।

मालिका गाउँपालिकाको केन्द्र दरबाङ बजारबाट धवलागिरि गाउँपालिकाको धारापानी-ताकम हुँदै मुना जोड्ने सडकअन्तर्गत फेदीस्थित दाङखोलामा मोटरेबल पुल बनाउन विसं २०७६ जेठ २२ गते ठेक्का सम्झौता गरिएको थियो । मालिका-५ र धवलागिरि-७ को सिमानामा पर्ने फेदीमा १८ मिटर लामो पुल बनाउन पूर्वाधार विकास कार्यालय म्याग्दी र इन्द्रेणी-फेवा जेभी पोखराबीच रु एक करोड ९३ लाखमा ठेक्का सम्झौता भएको थियो । विसं २०७८ जेठ ८ गते सम्झौताको म्याद सकिए पनि पुल निर्माण सुरु नै नभएको धवलागिरिका उपाध्यक्ष रेशम छन्त्यालले बताउनुभयो । "धवलागिरिकोकेन्द्रसहितपाँचवटा वडालाई जोड्ने सडकमा नियमित यातायात सञ्चालनका लागि पुल निर्माणका लागि पहल गरेका थियौँ", उहाँले भन्नुभयो, "सकिनुपर्ने समयसम्म पनि निर्माण सुरु हुन नसक्दा निराश भएका छौँ ।"

फेदीमा गाउँपालिकाले अस्थायी मोटरेबल पुल बनाएर यातायात सञ्चालनको व्यवस्था मिलाएको छ । विसं २०७७ र ७८ को बर्खामा दाङखोलामा आएको बाढीले पुल पुरिएको थियो । पहिरो र बाढी पन्छाएर पुल सञ्चालनमा ल्याइएको छ । फेदीको दाङखोलामा मोटरेबल पुल नहुँदा धवलागिरि गाउँपालिकाको गुर्जा, लुलाङ, मुना, मुदी, ताकमका बासिन्दालाई आवतजावत गर्न समस्या भएको छ । पच्चीस मेगावाट क्षमताको दरबाङ म्याग्दीखोला जलविद्युत् आयोजनाको बाँधको डुबान क्षेत्रमा पुल निर्माणस्थल पर्ने भएपछि सम्झौतालगत्तै काम गर्न गएका निर्माण व्यवसायी फर्किएका थिए ।

जलविद्युत् आयोजनाको बाँध स्थानानान्तरण भएपछि पुल निर्माण सुरु गर्ने तयारी गरेको अवस्थामा विसं २०७७ असारमा आएको बाढीले निर्माणस्थललाई क्षतविक्षत बनाएपछि पुनः सर्वेक्षण गरिएको थियो । पूर्वाधार विकास कार्यालयका प्रमुख सन्तोष अर्यालले डिजाइन परिवर्तन गरेर पहिलेकै निर्माण व्यवसायीमार्फत पुल निर्माण गराउन लागिएको बताउनुभयो । "सम्झौता हुँदाको वर्ष दरबाङ म्याग्दीखोला जलविद्युत् आयोजनाको बाँधको डुबान क्षेत्र पर्ने भएकाले रोकिएको थियो", उहाँले भन्नुभयो, "विसं २०७७ बर्खाको बाढीले क्षति पुर्‍याएपछि रिडिजाइन गरी भेरिएसन अर्डर तयार गरी दाङखोलामा पुल निर्माण सुरु गर्ने तयारी भएको छ ।" यो योजनाको सम्झौताको म्याद आगामी चैतसम्म थपिएको छ ।

# सुन्तलाको दाना झर्न थालेपछि कृषक चिन्तित

**–सन्तोष गौतम**
**म्याग्दी, ३ मंसिर**

पाक्ने बेला भएको सुन्तलाको दाना झर्न थालेपछि यहाँका कृषक चिन्तित भएका छन् ।

दानाभित्र औशा परेर सुन्तला झर्न थालेको हो । बेनी नगरपालिका-३ मरेकका इन्द्रबहादुर थापाले पाक्नै लागेको सुन्तलाको दानाभित्र किरा (औसा) परेर धमाधम झर्न थालेको बताउनुभयो । "गत वर्ष रु एक लाखको सुन्तला बेचेको थिए । यसपालि रु ७० हजारको पनि उत्पादन नहुने अवस्था छ", उहाँले भन्नुभयो, "फल दिने नयाँ बोट थपिए पनि यसपालि गाउँभरि सुन्तला उत्पादन घटेको छ । करिब तीस प्रतिशत दाना झरिसक्यो ।"

गत वर्ष रु एक लाख ५० हजारको सुन्तला बेचेका मालिका गाउँपालिका-७ बिमको लुरबाङका कृष्ण सापकोटाको २०० बोट भएको बगैँचामा झरेको सुन्तला भुइँभरि छ । "झरेको सुन्तला दिनभरि सङ्कलन गर्‍यो, फेरि भोलिपल्ट उस्तै हुन्छ", उहाँले भन्नुभयो, "पाक्ने बेलामा सुन्तला बजार पठाउन नपाउँदै झरेर सकिन थाल्यो ।"

मरेकका थापा र लुरबाङका सापकोटाको मात्र नभएर जिल्लाका अधिकांश बगैँचाका सुन्तला झर्ने समस्या देखिएको छ । सुन्तलाको बोट सुक्ने र दाना झर्ने समस्या देखिएको बेनी -३ राखुका खिमबहादुर पुनले बताउनुभयो । कात्तिकको अन्तिम हप्तादेखि सुन्तलाको दाना झर्ने समस्या देखिएको कृषकले बताएका छन् । जिल्लाको मुख्य निर्यातयोग्य कृषिउपज सुन्तला हो । सुन्तला खेतीबाट जीविकोपार्जन र आम्दानी गर्दै आएका कृषक चाइनिज सिट्रोस फ्रुट फलाइ (दाना झर्ने) र सिट्रोस ग्रिन कारण चिन्तित भएका छन् ।

चार वर्षअघि नेपालमा भित्रिएको चाइनिज सिट्रोस फ्रुट फलाई किरा यसपालि यहाँको सुन्तला खेतीमा प्रमुख समस्याका रुपमा देखिएको कृषि ज्ञान केन्द्रका प्रमुख किरन सिग्देलले जानकारी दिनुभयो । "सुन्तला जातका फलफूलको दानाभित्र पसेको औसाले असोजदेखि पुस महिनासम्म पहेलो बनाई दाना प्वाल पारेर अथवा दानालाई आफूसँगै भुइँमा खसाल्छ", उहाँले भन्नुभयो, "कृषकलाई झरेका दाना व्यवस्थापन गर्न सिकाउने र आगामी वर्ष समस्या आउन नदिन प्रोटिन भेट वितरण गर्ने योजनामा छौँ ।" भुइँमा खसेको औसालाई प्लास्टिकको बोरामा हावा नछिर्ने बनाएर राख्ने, पानीको पोखरीमा डुबाउने, गाईबस्तुलाई खुवाउने र डेढ फिटभन्दा बढी गहिरो खाडल खनेर व्यवस्थापन गर्नुपर्ने कृषि प्रसार अधिकृत गोविन्द पाण्डेले बताउनुभयो । जेठ असारमा दानाभित्र पस्ने औसा चिसो मौसममा जमिनभित्र बस्छ । आगामी वर्ष यस्तो समस्या हुन नदिन झरेको दाना व्यवस्थापन गर्ने र चैत वैशाख महिनामा प्रोट्रिनबेटसँगै विषादी मिसाएर बोटमा छर्कनुपर्ने पाण्डेले बताउनुभयो । यसैगरी सुन्तलाको रुख र हाँगाभित्र गबारो छिरेर खाएपछि बोट पहेलो भएर सुक्ने समस्या देखिएको हो ।

रुख सुक्ने समस्या समाधानका लागि बगैँचा व्यवस्थापन र सुकेका हाँगा काँटछाँट गर्न कृषि प्रसार अधिकृत पाण्डेको सुझाव छ । फल टिपेपछि मलजल, गोडमेलसँगै बोडेपेष्ट लगाउने र स्प्रे गर्न आग्रह गर्नुभयो । म्याग्दीको राखु, मरेक, सुर्केमेला, बरङ्जा, भेडाबारी, अर्मन, रुन्मा, बिम, ओखरबोट, ताकम, घतान, पिप्ले, भगवति, बेग, दोवा, दोसल्ले, घार, भुरुङ तातोपानी, दाना र नारच्याङमा २०० भन्दा बढी सुन्तला बगैँचा छन् । सात सय छ हेक्टरमा सुन्तला खेती भएको कृषि ज्ञान केन्द्रको तथ्याङ्क छ । तीन सय ३५ हेक्टरमा लगाएको बोटले उत्पादन दिन्छ ।

गत वर्ष दुई हजार ४१२ मेट्रिक टन सुन्तला उत्पादन भएको थियो । यहाँको सुन्तला पोखरा, चितवन, बुटवल र काठमाडौँमा निकासी हुन्छ । याम सुरु भएसँगै व्यापारी सम्पर्कमा आएका बास्कुनाका कृषक तिलक गुरुङले बताउनुभयो । गत असारमा दाना झार्ने औसा मार्ने प्रोटिन भेट ल्याए पनि कृषकले चासो नदिँदा यसपालि पनि समस्या देखिएको उहाँले बताउनुभयो ।

# बेनीमा किशोरी सम्मेलन

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ३ मंसिर**

म्याग्दीको सदरमुकाम बेनीमा शुक्रबार ११ बुँदे घोषणापत्र जारी गर्दै प्रथम जिल्लास्तरीय किशोरी सम्मेलन सम्पन्न भएको छ । गर्ल्स फस्ट फण्डको सहयोग, धवलागिरि गाउँपालिकाको उमेर सान्दर्भिक विवाहसँग उपाध्यक्ष कार्यक्रम र सामाजिक विकास कार्यालयको समन्वय तथा सङ्गम म्याग्दीको आयोजनामा किशोरी सम्मेलन आयोजना गरिएको थियो । सम्मेलनले बालविवाह, यौनजन्य हिंसा न्यूनीकरण र महिनावारी स्वच्छता कायम गर्नेलगायत किशोरीको शिक्षा, स्वास्थ्य र सुरक्षाका विषयमा घोषणापत्र जारी गरेको हो ।

सम्मेलनमा म्याग्दीका छवटै स्थानीय तहका २५ वटा विद्यालयमा गठन भएका किशोरी सञ्जालका ६१ जना प्रतिनिधिको सहभागिता थियो । किशोरीले शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षासँग समस्याको पहिचान गरी समाधानका लागि सरोकारवालाको ध्यानाकर्षण गराउने विषयमा सम्मेलनमा छलफल भएको सङ्गम म्याग्दीका अध्यक्ष दिपक पौडेलले जानकारी दिनुभयो ।

किशोर अवस्थामा विवाह गर्दा हुने असर तथा हानिका बारेमा समुदायस्तरमा सचेतना फैलाउने, २० वर्ष पुगेपछि मात्र विवाह गर्ने, २० वर्षभन्दा कम उमेरमा विवाह हुन लागेको सूचना प्रहरी, जनप्रतिनिधिलाई जानकारी गराउने र कानूनी कारबाहीको दायरामा ल्याउन सघाउने घोषणापत्रमा उल्लेख छ । सबै विद्यालयमा महिनावारी हुँदा प्रयोग गर्ने प्याड विसर्जनका लागि 'इन्सिलेटर'को व्यवस्थापन गर्न माग गरेको सम्मेलनमा सहभागीले आराम कक्षको व्यवस्था गर्न स्थानीय तह र विद्यालयलाई अनुरोध गरेका छन् । २० वर्ष नपुगी विवाह गर्ने जोडीको गाउँठाउँमा मिलाउने गलत प्रवृत्तिको विरोध गर्ने र त्यस्तो हुन लागेको जानकारी पाएमा प्रहरीलाई सूचना दिने घोषणापत्रमा उल्लेख छ । किशोरीमाथि हुने यौनशोषण, हिंसा, बलात्कार अन्त्य, सुरक्षाको ग्यारेन्टी र त्यस्ता घटनामा संलग्नलाई कानूनी कारबाहीको माग गरेका छन् ।

महिनावारीलाई प्राकृतिक प्रक्रियाका रुपमा लिन आग्रह गर्दै त्यो अवस्थामा अध्याँरो कोठामा थुन्ने, घरबाट बाहिर निस्कन नदिने, मीठो मसिनो खान नदिने अन्धविश्वास र रुढीबादीको भर्त्सना गर्दै महिनावारीको अवस्थामा किशोरीमैत्री वातावरण बनाउन आग्रह गरेका छन् । बाँच्न, संरक्षण, विकास र सहभागिताको नैसर्गिक अधिकारको सहजरुपमा उपभोग गर्ने वातावरण बनाउन माग गरेका छन् । सम्मेलनमा सहभागीले बालविवाह नियन्त्रणमा सरकारी निकायबाट सहयोग नपाएको, सामाजिक हिसाबले दबाव आउने गरेका, महिनावारीका समयमा विद्यालयमा उचित वातावरण नहुँदा घरमै बस्न बाध्य भएको र यौन दुर्व्यवहार भएको बताएका थिए ।

किशोरी सञ्जालमार्फत विद्यालय र समुदायस्तरमा सचेतनामूलक कार्यक्रमका साथै बालविवाह हुन लागेको सूचना जनप्रतिनिधि र प्रहरीलाई गराएको ताकम माविको किशोरी समूहकी अध्यक्ष करुना परियारले बताउनुभयो ।

कार्यक्रममा सङ्गम म्याग्दीका कार्यकारी निर्देशक भरत केसीले धवलागिरि गाउँपालिकामा बालविवाहको अवस्थाका साथै असर र कानूनी व्यवस्थाका बारेमा जानकारी गराउनुभएको थियो । उहाँका अनुसार धवलागिरि गाउँपालिका- २, ३, ४ र ७ नं वडामा २० वर्षभन्दा कम उमेरमा विवाह गर्ने किशोरीको स॰्या ४६३ जना भेटिएको छ ।

कार्यक्रममा सांसद भूपेन्द्रबहादुर थापा, धवलागिरि गाउँपालिकाका अध्यक्ष थमसरा पुन, बेनी नगरपालिकाका उपप्रमुख सञ्जु बरुवाल, प्रहरी निरीक्षक वीरेन्द्रराज गुरुङ लगायतले बालविवाह न्यूनीकरणका लागि किशोरी सचेत बन्नुपर्ने बताउनुभयो । सहभागीलाई बालविवाहका कारण, असर र बालविवाह गर्नेलाई हुने कानूनी कारबाहीका बारेमा जानकारी गराइएको थियो । सम्मेलनका अवसरमा धनजनता माविका नरदेवी विक अध्यक्ष र धनमाया श्रेष्ठ सदस्य रहेको जिल्लास्तरीय किशोरी सञ्जालको समन्वय समिति गठन भएको सङ्गम म्याग्दीका शिक्षा विकास अधिकृत चन्द्रप्रकाश बुढाले बताउनुभयो । यसैगरी रघुगङ्गा माविका शिक्षक मेघा रिजाल अध्यक्ष र बालविवाह न्यूनीकरण परियोजनाका संयोजक खिमा पुर्जा सदस्य सचिव रहेको जिल्लास्तरीय लैङ्गीक सम्पर्क शिक्षकको समन्वय समिति गठन भएको छ ।

# बन्दीपुर क्षेत्रमा चितुवाको त्रास

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ३ मंसिर**

तनहुँको बन्दीपुर क्षेत्रमा चितुवाको त्रास बढेको छ । केही दिन यता बन्दीपुर आसपास चितुवा आतंक बढेको हो । साँझ परेपछि बन्दीपुरका विभिन्न ठाउँमा चितुवा देखिएको स्थानीयवासीले बताएका छन् ।

चितुवाले बुधबार राति बन्दीपुर गाउँपालिका-५ याम्पाफाँटका स्थानीयवासी सीता भट्टराईले पालेको गाईको बाच्छी मारेको छ । "तीन चार दिनदेखि चितुवा हिँडेको स्थानीयले भनिरहेका थिए, गोठमै पसेर चितुवाले बाच्छीलाई आक्रमण गरेर मार्‍यो", उहाँले भन्नुभयो । उहाँले यसबारेमा आफूले डिभिजन वन कार्यालय तनहुँमा जानकारी गराएको बताउनुभयो । उहाँका अनुसार गाईको बाच्छी चितुवाले आक्रमण गरेपछि वन कार्यालयले रु ३० हजार राहत दिने भएको छ । गत असोज अन्तिम साता बन्दीपुर -५ बाहुनभञ्ज्याङमा चितुवाको आक्रमणबाट ९ वर्षीया स्वीकृति थापाको मृत्यु भएको थियो । यसपछि बन्दीपुरमा चितुवाको त्रास बढेको भन्दै सो कार्यालयले सतर्कता अपनाउन आग्रह गरेको छ । बन्दीपुर १ ४ र ५ का क्षेत्रमा चितुवा देखिएको स्थानीयवासीलाई उद्धृत गर्दै वन कार्यालय बन्दीपुरका प्रमुख सुरेश भुजेलले जानकारी दिनुभयो ।

वन क्षेत्रमा झाडी बढ्दै गएकाले चितुवाको बासस्थान पनि बढेको र अहिलेको समय प्रजननको भएकाले चितुवाले मानिस र अन्य जीव जनावर आक्रमण गर्नसक्ने डिभिजन वन कार्यालयका प्रमुख कोमलराज काफ्लेले बताउनुभयो । चितुवाको आक्रमणबाट बच्न सचेत र सतर्क रहन स्थानीयवासीलाई आग्रह गरिएको उहाँले बताउनुभयो । "केही चितुवा बच्चा जन्माएपछि आहाराको खोजीमा हिँड्ने भएकाले यो समयमा चितुवासँग सतर्क रहनुपर्छ", उहाँले भन्नुभयो ।

जङ्गल फँडानी गरेर बस्ती बसाल्ने, जङ्गली जनावर मारेर खाइदिने कारणले गर्दा र मानव र वन्यजन्तुबीच द्वन्द्व बढ्दो अवस्थामा रहेको छ । "तनहुँमा विशेष गरी चितुवाको समस्या रहेकाले चितुवाको स्वभाव, यसले आक्रमण गर्न सक्ने समय लगायतका विषयमा उपभोक्तालाई बेला-बेलामा जानकारी गराएका छौँ", उहाँले भन्नुभयो, "चितुवा सक्रिय हुने समय र आनीबानी बुझ्न सकिए यसबाट बच्न सकिन्छ ।"

वनजङ्गलमा पाइने जीवजन्तु मानिसले सिकार गरेर खाइदिने गरेका कारण पनि चितुवाले बस्तीमा आएर मानिसलाई आक्रमण गर्न थालेको छ । चितुवाको प्राकृतिक खाना भनेको जीवजन्तु नै भए पनि त्यस्ता जीवजन्तु मानिसले खाइदिने गरेका कारण चितुवाको सिकार मानिस हुन थालेको उहाँले बताउनुभयो । कार्यालयले चितुवाबाट बच्नका लागि घरगोठ उज्यालो बनाउने, वस्तुलाई बचाउन गोठ बलियो निर्माण गर्नुपर्नेलगायतका विषयलाई ध्यान दिनुपर्ने कुराहरू उपभोक्तालाई सचेत गराउँदै आएको छ । "वनजङ्गलमा भएका पानीका स्रोत मासिँदै गएको छ, पानी खोज्दै बस्तीमा आउने चितुवाले घर नजिकै बालबालिका देखेपछि बच्चामाथि आक्रमण गर्न सक्छ", उहाँले भन्नुभयो, "त्यसका लागि जङ्गलमा पोखरी बनाएर पानीको स्रोत संरक्षण गर्न सकियो भने चितुवाबाट बच्न सकिन्छ ।"

मृग वन कुखुरालगायत वन्यजन्तु मानिसले सिकार गरिदिँदा वनमा आहाराको अभाव भई चितुवाले मानिसको सिकार गर्ने गरेको काफ्लेले बताउनुभयो । "वन्यजन्तुको चोरी सिकार गर्नेलाई पक्राउ गर्न सबैले सहयोग गर्नुपर्छ", उहाँले भन्नुभयो । विसं २०७४ फागुन १ गते पहिलोपटक तनहुँमा भानु नगरपालिका-३ दोरदोरका ६ वर्षीय विशाल श्रेष्ठको चितुवाको आक्रमणबाट मृत्यु भएको थियो । त्यसयता चितुवाको आक्रमणबाट जिल्लाका विभिन्न ठाउँमा एघार जना बालबालिकाले ज्यान गुमाएका छन् । चितुवाको आक्रमणमा पर्ने बालबालिका १२ वर्ष उमेरसम्मका छन् ।

# फरार प्रतिवादी पक्राउ

**रासस**
**तनहुँ, ३ मंसिर**

प्रहरीले हातहतियार खरखजना मुद्दाका फरार प्रतिवादीलाई नौ महिनापछि पक्राउ गरेको छ ।

देवघाट गाउँपालिका-२ बैदीका ३९ वर्षीय मीनबहादुर मगरलाई प्रहरीले पक्राउ गरेको हो । तनहुँ जिल्ला अदालतको २०७७ फागुन २१ गतेको फैसलाले मगरलाई दुई महिना नौ दिन कैद सुनाएको थियो । अदालतको फैसलापछि उनी फरार थिए ।

मगरलाई पक्राउ गरी प्रहरीले जिल्ला अदालतसमक्ष पेस गरिएको छ । उनलाई बाँकी कैद भुक्तानका लागि अदालतमा पेस गरिएको प्रहरी नायब उपरीक्षक युवराज तिमिल्सेनाले जानकारी दिनुभयो ।

जिल्लामा पछिल्लो समय चोरी, डकैती, लागूऔषध दुर्व्यसनी र सवारी दुर्घटनामा न्यूनीकरण आएको प्रहरीले जनाएको छ ।

सवारीसाधन जाँचमा तीव्रताका साथै प्रहरीले गस्तीसमेत बढाएको छ ।

# हर्नियाको शल्यक्रियाले बालकको दृष्टि गुमेपछि ...

**रासस**
**तनहुँ, ३ मंसिर**

शुक्लागण्डकी नगरपालिका-४ दुलेगौँडाका दुई वर्षीय बालक अनिप तामाङको हर्नियाको शल्यक्रियापछि आँखाको दृष्टि गुमेको छ । गत भदौ २० गते पोखरास्थित 'मेडिप्लस हस्पिटल'मा सो शल्यक्रिया गरिएको बताइएको छ ।

दृष्टि गुमेपछि अहिले छोरा बोल्न र हिँड्नसमेत नसक्ने अवस्थामा पुगेको बालकका आमा सानीले जानकारी दिनुभयो । ज्याला मजदुरीका भरमा जीविकोपार्जन गर्दै आएको सो परिवारमा आर्थिक अवस्थाका कारण छोराको उपचार गराउन नसकेपछि घरमा राख्दै आएका थिए । मकवानपुरको भीमफेदी घर भई हाल तनहुँको दुलेगौँडामा तामाङ परिवार ज्याला मजदुरी गरेर जीविकोपार्जन गर्दै आएका छन् । सो परिवारको समस्याका बारेमा स्थानीय युवा समाजसेवी शङ्कर पन्तले थाहा पाएपछि उहाँकै नेतृत्वमा युवा समूहले रु ५५ हजार सङ्कलन गरी बिहीबार तामाङ परिवारलाई हस्तान्तरण गरेका छन् । पहिलो चरणमा बालकको शारीरिक अवस्था र रोग पहिचान गर्न उक्त रकमले सहयोग पुग्ने अपेक्षा गरिएको उहाँले बताउनुभयो । रोग पहिचान भई उपचार सम्भव हुने अवस्थामा युवा समूहले अभियान चलाएरै रकम सङ्कलन गरी बालकको उपचारमा सहयोग गर्ने योजना रहेको उहाँले बताउनुभयो । छोराको उपचार गराउने चाहना हुँदाहुँदै पनि आर्थिक अभावका कारण अस्पतालमा लैजान नसकेर घरमै राख्नुपरेको आमा सानीले गुनासो गर्नुभयो । सो समूहले आर्थिक सहयोग गरेपछि छोराको उपचार हुनेमा थप आशा पलाएको उहाँले बताउनुभयो ।

अनिपका उपचारका लागि मित्रलाल/पदमकुमारी श्रेष्ठले रु १० हजार, बबुराम कार्कीले रु १० हजार, दिवस उप्रेतीले रु १० हजार, देवेन्द्र ढुङ्गानाले रु पाँच हजार, युवराज भट्टराईले रु पाँच हजार एक सय, शिव गर्तौलाले दुई हजार, सुरेन्द्र पौडेलले रु दुई हजार र सुमन सापकोटाले रु दुई हजार सहयोग गरेका छन् ।

# थपिए २९६ संक्रमित, ५ को निधन

**रासस**
**काठमाडौं, ३ मंसिर**

पछिल्लो २४ घण्टामा थप २९६ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार आठ हजार ९७२ जनामा कोरोना परीक्षण गर्दा २९६ जनामा सङ्क्रमण पुष्टि भएको हो । आज थपिएकासँगै देशभर सक्रिय सङ्क्रमित सात हजार ५३९ रहेको छन् । नेपालमा सङ्क्रमण दर १८ प्रतिशत पुगेको छ ।

पाँच सयभन्दा बढी सङ्क्रमित भएका जिल्ला काठमाडौँ र ललितपुर तथा २०० भन्दाबढी सङ्क्रमित भएका जिल्ला नौ रहेका छन् । ती जिल्लामा मोरङ, सुनसरी, झापा, भक्तपुर, कास्की, पूर्वीनवलपरासी, रुपन्देही, बाँके र कैलाली रहेका छन् ।

शुक्रबार सङ्क्रमति शून्य रहेका जिल्ला पाँच पुगेको छ । ओखलढुङ्गा, मनाङ, हुम्ला, जाजरकोट र मुगु जिल्लामा सङ्क्रमित सङ्ख्या शून्य रहेका छन् । पछिल्लो २४ घन्टामा ३६९ जनाले कोरोना भाइरसको सङ्क्रमणबाट लाभ लिई घर फर्किएका छन् ।

योसँगै अहिलेसम्म नेपालमा सङ्क्रमणबाट मुक्त हुनेको सङ्ख्या सात लाख ९९ हजार ५४५ जना रहेका छन् । नेपालमा सङ्क्रमणमुक्त हुने दर ९७.७ प्रतिशत रहेको छ । मन्त्रालयका अनुसार कोरोना सङ्क्रमणबाट आज पाँच जनाको निधन भएको छ । अहिलेसम्म सङ्क्रमणबाट ११ हजार ४९४ जनाको निधन भएको छ ।

होम आइसोलेशन सात हजार ६०, संस्थागत आइसोलेशनमा ४७९, सघन उपचार कक्ष (आइसियु) मा २३१ र भेन्टिलेटरमा ५६ जना उपचाररत छन् । यस्तै आज एक लाख ७३ हजार ४९८ ले कोरोना भाइरस विरुद्धको खोप लगाएका छन् । हालसम्म ९० लाख ८१ हजार ६५४ ले पहिलो मात्रा र ७८ लाख एक हजार ५०६ जनाले पूर्णमात्राको खोप लगाएका छन् ।